जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १५७ • २०८३ साल कार्तिक १४ गते शनिबार (31 October, Saturday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

संघीयता र धर्मनिरपेक्षतासहितको शासकीय स्वरूप परिवर्तन गर्न माग

टुडे समाचारदाता

जनकपुरधाम। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष कमल थापाले संघीयता र धर्मनिरपेक्षतासहितको वर्तमान शासकीय स्वरूप परिवर्तन गर्न प्रधानमन्त्री बालेन्द्र साहसँग आग्रह गरेका छन्।

जनकपुरधाममा शुक्रबार राप्रपा धनुषाले आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्रीसमेत रहेका थापाले विगतका नेताहरूले संघीयता र धर्मनिरपेक्षतासहितको शासन व्यवस्था सञ्चालन गर्न नसकेको दाबी गरे। उनले असफल भइसकेको व्यवस्थालाई निरन्तरता दिँदा देशको हित नहुने बताए।

अध्यक्ष थापाले राजा, राजनीतिक दल र सबै नेताहरूलाई समेट्ने गरी राष्ट्रिय मेलमिलापको वातावरण निर्माण गर्न प्रधानमन्त्री साहलाई आग्रह गरे। विगतमा प्रचण्ड र केपी शर्मा ओलीले गरेका गल्ती नदोहोर्‍याउन सुझाव दिँदै उनले अहिलेको जनसमर्थनलाई सदुपयोग गरेर ऐतिहासिक निर्णय लिन प्रधानमन्त्रीलाई आह्वान गरे।

उनले भने, 'चाहेर वा नचाहेर पनि बालेन साहले असफल भइसकेको देशको शासकीय संरचनासहितको स्वरुपलाई नै निरन्तरता दिनु गलत हो, विगतमा नेताहरुले देशका लागि जे नियति भोग्नु परेको थियो, त्यही नियति अहिलेका नेताले पनि भोग्नु नपरोस् भन्ने नचाहेकोले प्रधानमन्त्री बालेनलाई आँट गर्दै राजादेखि सबै नेता तथा सबै पार्टी अटाउन सक्ने गरी राष्ट्रिय मेलमिलापका लागि आह्वान गर्न आग्रह गर्छु।'

उनले नेपालमा सनातन हिन्दू राष्ट्रको पहिचान अझै कायम रहेको दाबी गर्दै धर्मनिरपेक्षताको आडमा धर्म परिवर्तन गराउने गतिविधि भइरहेको आरोप लगाए। यसले धार्मिक तथा सांस्कृतिक द्वन्द्व निम्त्याउन सक्ने भन्दै सबै धर्म र समुदायबीच एकता तथा सद्भाव कायम राख्नुपर्नेमा जोड दिए।

अध्यक्ष थापाले देश भ्रष्टाचारको समस्याबाट आक्रान्त भएको उल्लेख गर्दै स्वदेशमै रोजगारी सिर्जना गर्न सरकारसँग माग गरे। रोजगारीको अभावमा युवाहरू मलेसिया र खाडी मुलुकमा जान बाध्य हुनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने उनको भनाइ थियो।

राजतन्त्र हटेपछि देश अभिभावकविहीन बनेको दाबी गर्दै उनले विदेशी हस्तक्षेप र चलखेल रोक्नसमेत सरकारको ध्यानाकर्षण गराए।

सो अन्तरक्रिया कार्यक्रममा राप्रपाका वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डेय, श्रवण कुमार झा र धीरेन्द्र झालगायतकाले समेत आफ्नो बोलेका थिए।

जनकपुर-अयोध्या रेल सेवा अन्तिम तयारीमा

दुवै देशका प्रधानमन्त्रीबाट संयुक्त उद्घाटन गर्ने, धार्मिक पर्यटनमा टेवा पुग्ने अपेक्षा

टुडे समाचारदाता

जनकपुरधाम । नेपालको धार्मिकस्थल जनकपुरधामदेखि भारतको अयोध्यासम्म विशेष रेल सेवा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। रामायण सर्किट अन्तर्गत नेपाल र भारतका दुई महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक सहरलाई प्रत्यक्ष रेल सेवामार्फत जोड्ने उद्देश्यले दुवै देशका सम्बन्धित निकायले प्राविधिक, प्रशासनिक तथा सुरक्षा व्यवस्थापनको कामलाई तीव्रता दिएको छ ।

प्रधानमन्त्री बालेन्द्र साहको आसन्न भारत भ्रमणका क्रममा नेपालका प्रधानमन्त्री र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा विशेष रेल सेवाको उद्घाटन गर्ने गरी तयारी भइरहेको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिएका छन्।

"प्रधानमन्त्री साहको भारत भ्रमणका क्रममा उक्त विशेष रेल सेवाको उद्घाटन गर्ने गरी हामी तयारीमा जुटेका छौँ," प्रबन्धक सञ्चालक पराजुलीले भने, "यस विषयमा नेपाल र भारतका रेल्वे कम्पनी, भन्सार तथा सुरक्षा अधिकारीबीच विभिन्न चरणमा छलफल भइरहेको छ।"

उनले दिएको जानकारी अनुसार उद्घाटनको औपचारिक मिति भने तय भइसकेको छैन। प्रधानमन्त्री साहको मङ्सिर ६ गतेदेखि हुने भनिएको भारत भ्रमणका क्रममा रेल सेवा उद्धाटन गर्ने लक्ष्यसहित दुवै देशका सम्बन्धित निकायले तयारी गरिरहेका छन्।

विशेष रेल सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार, यात्रु व्यवस्थापन, भन्सार, अध्यागमन तथा सुरक्षा प्रबन्धका विषयमा नेपाल र भारतका अधिकारीबीच छलफल भइरहेको प्रबन्ध सञ्चालक पराजुलीले बताए। रेल सञ्चालनका क्रममा नेपालतर्फ नेपाली सुरक्षा निकाय र भारततर्फ भारतीय सुरक्षा निकायले यात्रु तथा रेलको सुरक्षाको जिम्मेवारी लिने विषयमा सैद्धान्तिक सहमति भएको उहाँले जानकारी दिए।

यसैक्रममा केही दिन अघि नेपाल र भारतका रेल्वे सेवा, सुरक्षा, भन्सार तथा अध्यागमनसम्बन्धी अधिकारीको संयुक्त टोलीले विशेष निरीक्षण यानमार्फत जयनगर-जनकपुरधाम-कुर्था रेलखण्डको स्थलगत निरीक्षण गरेको थियो। निरीक्षणका क्रममा रेल सेवा सञ्चालनका लागि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय पक्षबारे अध्ययन गरिएको थियो।

जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालन भएपछि दुवै देशबीचको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्बन्ध थप प्रगाढ हुने अपेक्षा गरिएको छ। सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको जन्मभूमि अयोध्यालाई प्रत्यक्ष रेल सेवाले जोड्दा रामायण सर्किट अन्तर्गत धार्मिक पर्यटक तथा तीर्थयात्रीको आवागमन सहज हुने विश्वास गरिएको छ।

लामो समयदेखि धार्मिक महत्व बोकेको जनकपुरधाम र अयोध्यालाई जोड्नका लागि रामायण सर्किट अन्तर्गत रेल सेवा सञ्चालन ल्याउनका लागि आन्तरिक तयारी भइरहेको छ। सोही अनुसार जनकपुरधाम-अयोध्यालाई जोड्ने र दुबै देशका धार्मिक पर्यटक तथा श्रद्धालु भक्तजनलाई दर्शनका लागि सहज वातावरण बनाउने उद्देश्यका कार्य अघि बढाइएको बताइन्छ।

जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष जीतेन्द्र महासेठले यस रेल सेवाले धार्मिक पर्यटन प्रवर्द्धनसँगै स्थानीय अर्थतन्त्रलाई समेत चलायमान बनाउने बताए। उनले जनकपुरधाम र अयोध्याबीच सहज यातायात सम्पर्क स्थापित हुँदा नेपाल तथा भारतबाट आउने तीर्थयात्रीको संख्या बढ्ने र त्यसले होटल, यातायात, व्यापार तथा अन्य सेवा क्षेत्रमा सकारात्मक प्रभाव पर्ने बताए।

विशेष रेल सेवा सञ्चालनले दुवै देशका धार्मिक तथा सांस्कृतिक गन्तव्यबीचको सम्बन्धलाई थप मजबुत बनाउनुका साथै स्थानीयस्तरमा रोजगारी र आर्थिक गतिविधि विस्तारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

हाल भारतको जयनगरदेखि नेपालको जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ। प्रस्तावित विशेष रेल सेवा सञ्चालनमा आएपछि जनकपुरधामको धार्मिक तथा पर्यटकीय महत्व अन्तर्राष्ट्रियस्तरमा थप विस्तार हुने अपेक्षा गरिएको छ।

कोशी ब्यारेजको विकल्पमा नयाँ पुल बन्ने

टुडे समाचारदाता

जनकपुरधाम । कोशी ब्यारेज पुलको विकल्पका रूपमा सप्तकोशी नदीमाथि नयाँ पुल निर्माण गर्ने तयारी अघि बढाइएको छ। सप्तरी- सुनसरी जिल्लालाई जोड्ने गरी सप्तरीको कञ्चनपुरदेखि सुनसरीको राजाबाससम्म तीन किलोमिटर लामो पुल निर्माण गर्न लागिएको हो। करिब ४३ अर्ब रुपैयाँ लागत अनुमान गरिएको यस परियोजनाले पूर्वी नेपालको यातायात पूर्वाधारमा महत्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

सडक विभाग आयोजना निर्देशनालयका निर्देशक चुडाराज ढकालले जनाए अनुसार केही वर्षअघि तयार पारिएको परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) का आधारमा पुल निर्माणको प्रक्रिया अघि बढाउन लागिएको हो। एसियाली विकास बैंक (एडीबी) को सहयोगमा निर्माण हुने प्रस्तावित पुल सञ्चालनमा आएपछि पूर्व-पश्चिम राजमार्गको दूरी करिब १४ किलोमिटर घट्नेछ।

निर्देशक ढकालले नयाँ पुल तथा त्यससँग जोडिने सडक निर्माणका लागि आवश्यक प्राविधिक तयारी भइरहेको जानकारी दिएका छन्। उनले दिएको जानकारी अनुसार परियोजना अन्तर्गत तीन किलोमिटर लामो विशिष्ट प्रकृतिको पुलसँगै ४३ किलोमिटर नयाँ सडकसमेत निर्माण गरिनेछ। पुल र सडकको समग्र संरचना निर्माणका लागि आवश्यक प्राविधिक तथा प्रक्रियागत काम अगाडि बढाइएको छ।

प्रस्तावित परियोजनाले सप्तरीको कञ्चनपुर र सुनसरीको राजाबासलाई प्रत्यक्ष सडक सञ्जालमा जोड्नेछ। यसबाट कोशी ब्यारेज हुँदै आवतजावत गर्नुपर्ने बाध्यता कम हुनुका साथै पूर्व-पश्चिम राजमार्गमा यात्रा गर्ने सवारीसाधनका लागि छोटो र सहज मार्ग उपलब्ध हुनेछ। विशेषगरी पूर्वी नेपालका विभिन्न जिल्लाबीचको आवागमन सहज बनाउन यो आयोजना महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

हाल पूर्व-पश्चिम राजमार्गमा यात्रा गर्ने अधिकांश सवारीसाधनले सप्तकोशी नदी पार गर्न कोशी ब्यारेजको पुल प्रयोग गर्दै आएका छन्। लामो समयदेखि सञ्चालनमा रहेको कोशी ब्यारेज पुरानो हुँदै गएको छ भने पछिल्ला वर्षमा यस क्षेत्रमा सवारीसाधनको चाप पनि निरन्तर बढिरहेको छ। बढ्दो सवारी चाप र पुरानो संरचनाका कारण वैकल्पिक पुल निर्माणको आवश्यकता महसुस गरिएको छ।

> करिब ४३ अर्ब रुपैयाँ लागत अनुमान गरिएको यो आयोजना पूर्वी नेपालको सडक पूर्वाधार विकासका दृष्टिले रणनीतिक महत्वको मानिएको छ। तीन किलोमिटर लामो पुल र ४३ किलोमिटर सडक निर्माण सम्पन्न भएपछि सप्तरी, सुनसरीलगायत आसपासका जिल्लाबीचको सडक सम्पर्क थप सहज हुनेछ।

कोशी ब्यारेजमा कुनै प्राविधिक समस्या आएमा वा कुनै कारणले आवागमन अवरुद्ध भएमा पूर्वी नेपालको यातायात व्यवस्थापनमा ठूलो समस्या उत्पन्न हुन सक्छ। यस्तो अवस्थामा नयाँ पुल निर्माण भएपछि वैकल्पिक मार्ग उपलब्ध हुनेछ। यसले कोशी ब्यारेजमाथिको निर्भरता कम गर्नुका साथै यातायात सञ्चालनलाई थप व्यवस्थित र सहज बनाउन सहयोग पुर्‍याउने विश्वास गरिएको छ।

यद्यपि, परियोजना कार्यान्वयनका क्रममा वातावरणीय तथा कानुनी चुनौती देखिएका छन्। प्रस्तावित पुल र सडक निर्माण क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्षसँग जोडिएकाले वातावरणीय प्रभाव मूल्यांकन, वन्यजन्तुको संरक्षण तथा आवश्यक कानुनी स्वीकृतिका विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने अवस्था छ। आरक्ष क्षेत्रको जैविक विविधता र वन्यजन्तुको प्राकृतिक आवागमनमा निर्माण कार्यले पार्न सक्ने प्रभावलाई समेत ध्यान दिनुपर्ने देखिएको छ।

परियोजना अगाडि बढाउन आवश्यक वातावरणीय तथा कानुनी स्वीकृतिसँगै प्राविधिक र प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्नेछ। यही कारण निर्माण कार्य तत्काल सुरु हुन नसकेको बताइएको छ। हाल सम्बन्धित निकायले पुल तथा सडक निर्माणका लागि आवश्यक तयारी र प्रक्रियागत कामलाई अगाडि बढाइरहेका छन्। करिब ४३ अर्ब रुपैयाँ लागत अनुमान गरिएको यो आयोजना पूर्वी नेपालको सडक पूर्वाधार विकासका दृष्टिले रणनीतिक महत्वको मानिएको छ। तीन किलोमिटर लामो पुल र ४३ किलोमिटर सडक निर्माण सम्पन्न भएपछि सप्तरी, सुनसरीलगायत आसपासका जिल्लाबीचको सडक सम्पर्क थप सहज हुनेछ। साथै, यात्रा दूरी घट्ने, समय र इन्धनको बचत हुने तथा ढुवानी लागत कम गर्न पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कोशी ब्यारेजको पुरानो संरचनामाथिको निर्भरता कम गर्दै सुरक्षित र वैकल्पिक यातायात मार्ग विकास गर्नु यस परियोजनाको प्रमुख उद्देश्य रहेको बताइन्छ। एडीबीको सहयोगमा आयोजना कार्यान्वयनमा आएमा पूर्व-पश्चिम राजमार्गको यात्रा छोटिनुका साथै पूर्वी नेपालको व्यापार, पर्यटन, कृषि उत्पादनको ढुवानी र आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ।

परियोजनाको निर्माण शुरु हुने निश्चित समयसीमा र सम्पन्न हुने मिति सार्वजनिक भइसकेको छैन। आवश्यक प्राविधिक, वातावरणीय तथा कानुनी प्रक्रिया पूरा भएपछि मात्रै निर्माण कार्य अघि बढ्ने भएको छ। लामो समयदेखि कोशी ब्यारेजमाथि निर्भर पूर्वी नेपालको सडक यातायातका लागि प्रस्तावित नयाँ पुल महत्वपूर्ण वैकल्पिक पूर्वाधार बन्न सक्ने देखिएको छ।

जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

।। दाइजो प्रथा ।।

दाइजो प्रथा हटाउ हामी
समाजलाई राम्रो बनाउ हामी
छोरीलाई बोझ नसम्झिकन
माया र सम्मान जगाउ हामी
धनसम्पत्तिको लोभ नगरौँ
विवाहलाई व्यापार नसम्झौ
दाइजो होइन शिक्षा दिने
छोरीलाई अघिअघि बढाउने
दाइजोका कारण घरघरमा
दुःख पीडा आउने गर्छन्
यो कुप्रथा अन्त गर्न हामील
सबैले आवाज उठाउनुपर्छ।
छोराछोरीमा भेद नगरौँ।
सम्मान अधिकार सबैलाई दियौ
दाइजो प्रथा अन्त गरी
सुन्दर समाज निर्माण गरौं।।

नाम: रचना साह
विद्यालय: श्री मदन आश्रित आधारभूत विद्यालय सबैला ०१

मेरो मित तिमी मेरो प्रित तिमी
मेरो जीवन गीतको संगीत तिमी
मेरो सुर तिमी मेरो ताल तिमी
म नदी हुँ मेरो किनार तिमी
तिमी हौ एक तारा सबैभन्दा प्यारा
तिम्रो बोली मुस्कान लाग्छ मलाई न्यारा।
जब जब तिमीलाई हेर्छु
झुमी हाल्छन् मेरा मन आँगनका सितारा ।

नाम: प्रिया झा
ठेगाना: जनकपुरधाम

।। घरआँगनमा चाडपर्व ।।

घरआँगनमा चाडपर्व आउँदै गर्दा,
खुसियाली मुहारमा छाउँदैछ,
देश-विदेशमा रहेका दाजुभाइ पनि,
घर फर्कने तरखर गर्दैछन् ।
धुम्मिएको मधुर आकाश पनि अचेल,
सेतो बादल र नीलो रङ्गमा खुल्दैछ,
सयपत्री, मखमली र सिरुको फूल पनि,
चाडपर्वको आगमनसँगै खुसीले झुल्दैछ ।
चाडपर्व घरआँगनमा आएझैँ,
सारा प्रकृति र बगैँचा सजिँदैछ,
उल्लासमय आगमनको खबरसँगै,
झ्याउँकिरी पनि खुसीले गाउँदैछ।
भुलेर जति छन् ईर्ष्या र द्वेष पुराना,
सबै मिली यसपालि सँगै रमाउँला,
मान्यजनको हातबाट आशिष लिई,
साथीसङ्गी मिली सँगै पिङ खेलौँला ।
निधारमा टीका र शिरमा जमरा सजाई,
सम्बन्ध अझ प्रगाढ बनाऔँला ,
भुलेर वर्षदिनको दुःख-पीडा सबै,
गाउँघरको आँगनमा खुसीले नाचौँला।

लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग.चा.न.पा-१ धनुषा

।। NPL ।।

NPL को रंगमा रँगियो आज सिंगो नेपाल,
क्रिकेटको धुनमा धड्कियो आज सिंगो नेपाल।!
मैदानमा खेलाडी, आँखामा सपना बोकेर,
जितको आशामा जोडियो आज सिंगो नेपाल।!
छक्का पर्दा गुञ्जिन्छ गाउँदेखि सहरसम्म,
खेलको मायामा रमायो आज सिंगो नेपाल।!
हार-जित त खेलकै एउटा कहानी हो,
तर खेलाडीको हौसलाले जित्यो आज सिंगो नेपाल।!
जर्सी फरक भए पनि भावना एउटै छ,
ल्एी ले एकताको पाठ सिकायो आज सिंगो नेपाल।!
खेलकुद जगतको महापर्व NPL
नेपाल को खेलकुद महापर्व NPL
-जय नेपाल
-जय नेपाली
सबै टिमलाई जितको शुभकामना

लेखक:- बिरेन्द्र कुमार चौधरी
ठेगान:- मिथिला नगरपालिका ३,हरिहरपुर, धनुषा

।। धर्म र जात ।।

यहाँ धर्म र जात कहाँ लेखिएको छ?
माटोको यो पुतलामा त एउटै जस्तै सास आउँछ।
नसा-नसामा एउटै रगत बग्छ, रङ्ग पनि रातो एकै छ,
फेरि किन मानिसले आफैँ भेदभावको जालो बुन्यो?
मस्जिदको त्यो अजानमा पनि र मन्दिरको यो शंखमा पनि,
सधैँ एउटै स्वर गुञ्जिन्छ यो पवित्र ब्रह्माण्डमा।
भोकले कसैको जात सोध्दैन, तिर्खाले धर्म सोध्दैन,
ईश्वरले त केवल साँचो मानवीय कर्म सिकाएका छन्।
ऊँचनिचका यी पर्खालहरूले देशलाई खोक्रो बनाउँछन्,
घृणाका यी तितो कुराहरूले मनमा विष मात्रै भर्छन्।
सिमानामा उभिने सिपाही देशका लागि मरिहाल्छ,
ऊ पहिलो साँचो देशवासी हो, पछि मात्र कुनै धर्म निभाउँछ।
आउनुहोस् मिलेर हात बढाऔँ, मनको यो क्लेश मेटाऔँ,
जातपातभन्दा माथि उठेर आफ्नो देश एक बनाऔँ।
धर्मले त केवल बाटो देखाउँछ, प्रेम नै साँचो सागर हो,
भेदभाव छाडेर जसले अपनाउँछ, उही नै साँचो मानिस हो।

नाम :- शम्भु ठाकुर
ठेगाना:- मिथिला नगर पालिका वडा न. ९ बेंगाडावर

।। साथ दिनु सक्छु ।।

लाखौं लाखको अमूल्य उपहार दिनु तँ सक्दिनँ ।
तर तिम्रो दुःख सुखमा साथ दिनु सक्छु ।
आरु जस्तो ब्रेक अप होइन सिन्दुर र आफ्नो थर उपहार दिनु सक्छु ।
तिमी पीडाको दलदलमा फासदा
मो सहाराको हात दिनु सक्छु ।
तिमी रिसैरिस पागल भयो भनि मो मिठा मिठा बात दिनु सक्छु ।
हाम्रो यो माया अझ बलियो बनाउन मो तिम्रो लागि जित्नु मात्र होइन हारदिनू नि सक्छु ।
जब कुरा आउछ माया किन्ने तब माया किन्नु तँ सानो कुरा हुन्छ मो तँ आफैं बिक दिनु नि सक्छु ।
मेरो हजारौं दुःख पीडा हुँदा नि तिमी एकपल्ट मुस्कुरायर सोध्नु अनि मो भन्छु मो ठीक छु ।
मेरो गल्तीमा मलाई समझाउनु आउनु तँ सब थोक आउछ. तर पनि मो सिख छु ।
तिमी मेरो मुटु को टुक्रा मोलाई जहाँ सम्म लागछ मो पनि तिम्रो लागि ठीक छु।

लेखक रोहन भुजेल
जनकपुर -४

।। लक्ष्मी महारानी ।।

गाम-घरमे छायेल अछि आजुक दिन उमंग,
श्री श्री १०८ श्री लक्ष्मी पूजा समितिक संग।
हर्ष-उल्लास सँ सजा क' राखब पावन बाटो,
मनेबै धूमधाम सँ ए बेर २१ अम महोत्सवक चाटो।
मैया लक्ष्मीक कृपा सँ भरत सभक मोन,
सम्पूर्ण ग्रामवासीक लेल आमन्त्रण अछि एहि थाम।
सभ गोटे आगाँ बढ़ब राखि क' सकारात्मक सोच,
ककरो मोनमे कतहु नहि रहय कोनो कोच।
बचेबाक अछि हमरा सभकेँ अपन सामाजिक सम्पदा आ संस्कृति,
सभ कुरीति मेटा क' अनबाक अछि सुख-समृद्धि।
मुखियापट्टी मुसहरनिया गाउँपालिका, वडा नम्बर पाँच,
नवटोलीक अंगनामे सजल अछि भक्तिक नाच।
एतय क' एकता आ भाइचारा ही अछि हमर पहिचान,
एहि पवित्र माटिमे चमकत हमर गामक मान।
गामक प्रतिष्ठा ही थिक हमर गौरव, सान, पहिचान,
महारानीक चरणमे अर्पित अछि हमर सभक ध्यान।
चाही माता लक्ष्मीक साथ, सहयोग आ आशीर्वाद,
मटिआ क' जाउ आपसक सब भेद-भाव आ विवाद।
धनिराम, रामललित, जगरनाथ आ संजय सभ गोटे जुटू,
गामक एहि पावन काजमे कतहु नहि छूटू।
२०८३ साल कार्तिक २० गतेक पावन दिन थिक खास,
मैयाक भक्तिमे रमत सभ जन आ मानस।
हाथ सँ हाथ मिला क' आगाँ बढ़ब सब काल,
सम्पूर्ण नवटोलीवासी आ हम सभ साथ-साथ हर हाल।
मैया लक्ष्मी कल्यान करथिन, अनथिन सुखक वास,
गामक उन्नति-प्रगति बनत एक दिन नव इतिहास।

रचयिता : सञ्जय कुमार यादव
स्थायी ठेगाना: मुखियापट्टी मुसहरनिया गा.पा.-५, धनुषा
पेशा/अवस्था: विद्यार्थी (PSC)

।। सगर देह अछि कारा ।।

चौरचन बीतल जितिया बीतल
बीत गेल दशहारा , हम परदेशी
परदेमे सगर देह अछि कारा
बान्हल छी एग्रीमेंटक फंदमे
मातल छी बुझू एतहुका गंधमे
बालु कोडि. मरू भुमी देश मे
रियल तकै छी
बौआए रहल छी गुफा अंधमे
घरक लोक बुझैत होयत हमरा
छौडा खेला रहल छै छिहरा ,हम
परदेसी परदेसमे सगर देह अछि
कारा
बीतल साल ठीक एहि मासमे
बिदा भेल रही नोकरी आसमे
एहू साल नहि छठी-दिवाली
गाबी नहिं पओलहुँ होरीक भासमे
कनैत कनैत भेल आँखि लाल हमर
कंठमे लागि गेल गारा , हम परदेसी
परदेस मे सगर देह अछि कारा

धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल मरुभुमी देश दोहा कतार

।। जश ।।

सन्जम राखु मन प
साहिल के बाध किनारा हई
भरोसा करु अप्पन करम प
दुनिया कथी कहतै नै सोंचु
बनहिया करब जश होत
दश जगह चर्चा होत
खराप कामके शरापे चर्चा
एकेटा धरम सेवाभाव इन्सानियतके सम्झि
करम कके मेवा पाउ चाहे
धरम क के जश कमाउ
अधहा गगरि बर छलकइहइ
भरल गगरि स्थिरे रहहि हइ
सिस भेल धानके बाला झुकल लिबल रहइ हइ
खखरि बाला मेरखुन ठारा रहइ हइ
ओहिने जेहन ग्यान रहत तेहने झलकब
सिर झुकाउ जश के लागि
माथ के उठाउ हक के लागि
बिचार राखु दश के हित के लागि
शिक्षा के होत सम्मान सबदिन
किसानि रहत नित दिन
हुन्नर के सम्मान कर परत सब दिन
कुरसि के लराइ दश के बधाइ
जश मिलत महिनत के कमाइ स
कलमके नोख स
भिम के इजोत स
मिलि त मारि नै त बालब्रम्हचारि
इ हइ दुविधा जश के जुदाइ स
काठि कौवा जि का नैरहु
नितदिन बनहिया करम करु मन आ वचन स
जश के भागिदार बनु

कवि प्रमोद राम
जनकपुरधाम

।। उपायहरू खोज ।।

जीवनमा आइपर्ने समस्याहरू अनगिन्ती छन्, पार पाउने उपायहरू खोजे जत्ति पनि भेटिन्छन् । तर आफूले आफैंलाई समस्याको ढाँटको खेतिमा लादेको देख्दा-अचम्म लाग्छ परिवारलाई जानी जानी खाल्डोमा जाकेको देख्दा ।।

रूखो सुख्खो खाएर भए पनि मानिस सुखी बन्न चेष्टा गर्छ आकांक्षा जो पूर्ती हुँदैनन्, त्यसलाई दवाउन पनि मानिस सिपालु छ, घाँटी हेरी हाड निल्नु भन्ने उखान संझिदा सतर्क भइन्छ, नसक्ने कामको कल्पना गर्नुभन्दा सक्ने काममा सफलता मिल्छ ।।

गल्ती मानिसबाटै हुन्छ, त्यो गल्ती पनि मानिसले नै सच्याउँछ, भविष्यको मार्ग सुगम बनाउन बर्तमानमा सजग हुनैपर्छ । अरूको देखासिकी गर्नु आफैंमा फसाद ल्याउनु मात्र हुन्छ साधारण जीवन यापन गरी आफूलाई चिन्न सके पुग्छ ।।

लेखक: मनीष कुमार महतो
ठेगाना: मिथिला नगरपालिका-३, हरिहरपुर, धनुषा
पेशा: स्वास्थ्य विषयका विद्यार्थी

।। मुक्तक ।।

सिउरिएर कानमा जमरा, निधारमा टीका लाउनुपर्छ
बिर्सिएर विगतलाई अब, ओठमा मुस्कान सजाउनुपर्छ
रमाई वर्षदिनको पर्वमा,अनि पन्छाई ती अतीतका कुरा
फेरि एउटै आँगनमा उभिएर, सम्बन्ध विस्तार गर्नुपर्छ ।

लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग.चा.न.पा-१ धनुषा

ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : परिवारको साथमा महत्वपूर्ण काम बन्नेछ ।
वृष : मल मिल्ने साथीको साथ मिल्ने छ । शिक्षामा प्रगति हुनेछ ।
मिथुन : बोल्दा सचेत हुनुपर्नेछ । शिक्षामा थप मिहिनेत गर्नुपर्ने देखिन्छ ।
कर्कट : आज जोगिएर काम गर्नुपर्ने दिन छ ।
सिंह : आज काम बन्ने दिन छ । आफन्तको साथ मिल्ने छ ।
कन्या : विपक्षी र परिवारले साथले महत्वपूर्ण काम बन्नेछ ।
तुला : सोचेको काम नबन्ने जोखिम रहन्छ ।
वृश्चिक : बिहानै धार्मिक कार्यमा सहभागी भएर कामको सुरुवात गरेमा दैनिकी सहज बन्नेछ ।
धनु : शिक्षामा गरेको मिहिनेतको फल प्राप्त हुनेछ ।
मकर : मानसम्मान प्राप्त हुनेछ ।
कुम्भ: आज स्वास्थ्यको ख्याल गर्नुपर्ने दिन छ । प्रेम सम्बन्धमा उतारचढाव आउने छ ।
मीन: आज कुनै कुरामा जिम्मेवार महसुस हुनेछ । शरीरमा पीडा बढ्ने जोखिम छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११	विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००	साह केबुल	५२४७२२
एम्बुलेन्स (रेडक्रस)	१०२	जानकी केबुल	५२३७२८
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१	म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६	नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
अञ्चल अस्पताल	५२००३३	मुजेलिया प्रहरी चौकी	५२०७५०
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९	सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६	बुद्ध एयर	५२५०२२
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१	यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
रक्तसंचार (रेडक्रस)	५२०८७०	होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४	होटल रामा	५२००५९, ५२३८५४
कृष्णा नर्सिङ्गहोम	५२१९१८	वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७	गौतम होटल, बर्दिबास	०४४-५५००३४
आँखा अस्पताल	५२०३९७	जलेश्वर अस्पताल	०४४-५२००७०
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६	प्रहरी (जलेश्वर)	०४४-५२०००९
एयर पोर्ट	५९००५८, ५९००५२	एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
		विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

जनकपुर बोल्ट्सका समर्थकहरुको डट बल अभियान

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपीएल) मा सहभागी जनकपुर बोल्ट्सले फाल्ने प्रत्येक 'डट बल' मा ग्रामीण क्षेत्रका महिलालाई सिनेटरी प्याड वितरण अभियान शुरु गरेको छ।

जनकपुर बोल्ट्सका समर्थक समूह 'बोल्ट्स बटालियन'ले महिनावारी स्वच्छता र सचेतना अभिवृद्धिका लागि 'डट फर डिग्निटी' अभियान सुरु गरेको हो। अभियानअन्तर्गत जनकपुर बोल्ट्सका बलरले फाल्ने प्रत्येक 'डट बल' बराबर मधेशका ग्रामीण क्षेत्रमा एक थान सेनेटरी प्याड वितरण गरिनेछ।

प्याड वितरणसँगै ग्रामीण क्षेत्रमा महिनावारीसम्बन्धी सचेतना कार्यक्रमसमेत सञ्चालन गरिने बोल्ट्स बटालियनका प्रतिनिधि जयकृष्ण महतोले जानकारी दिएका छन्।

उनका अनुसार क्रिकेटको लोकप्रियतालाई सामाजिक परिवर्तनको माध्यम बनाउने उद्देश्यले अभियान सुरु गरिएको हो। समाजमा अझै पनि महिनावारी र सेनेटरी प्याडबारे खुलेर छलफल गर्न अप्ठेरो मान्ने प्रवृत्ति रहेकाले त्यसलाई चिर्न अभियानले सहयोग पुग्ने विश्वास आयोजकको छ।

कतिपय किशोरी तथा महिलाले सेनेटरी प्याड बोक्नसमेत लाज मान्ने अवस्था रहेको उल्लेख गर्दै बटालियनले महिनावारीलाई लज्जाको विषय नभई स्वाभाविक प्रक्रिया र सम्मानसँग जोडिएको विषयका रूपमा स्थापित गर्न खोजेको अशोक अधिकारीले बताए।

बोल्ट्स बटालियनले यसअघि एनपीएलको पहिलो र दोस्रो सिजनमा पनि 'आफ्नो खेलमैदान फोहोर नगरौँ, भए आफैँ सफा गरौँ' भन्ने नारासहित रंगशाला सरसफाइ अभियान सञ्चालन गरेको थियो। यस वर्ष पनि उक्त अभियानलाई निरन्तरता दिँदै सामाजिक सचेतनाको नयाँ अभियान थपेको हो।

कांग्रेसका निलम्बित फतुवा विजयपुरका मेयर यादव जसपामा प्रवेश

टुडे समाचारदाता

रौतहट। नेपाली कांग्रेसबाट दुई पटक नगर प्रमुख बनेका निलम्बित मेयर गोपाल राय यादव दर्जनौं नेता तथा कार्यकर्तासहित जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गरेका छन्। उनको यो राजनीतिक कदमलाई आगामी स्थानीय तह निर्वाचनलाई लक्षित रणनीतिका रूपमा हेरिएको छ।

गुजरा नगरपालिकाको सिम्रा भवानीपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा यादवसहित उनका छोरा आदित्य यादव पनि जसपामा प्रवेश गरेका हुन्। आगामी निर्वाचनमा नगर प्रमुखको उम्मेदवारका रूपमा अघि सारिएका आदित्यलाई राजनीतिक उत्तराधिकारीका रूपमा स्थापित गर्ने प्रयाससमेत यस घटनासँग जोडिएको छ।

यादव परिवारसँगै पूर्व वडा अध्यक्ष हिरालाल यादव, भविष्ण यादव, वडा अध्यक्षका प्रत्याशी जगदीश यादव र त्रिलोकी यादवसहित सयौँ नेता तथा कार्यकर्ताले कांग्रेस छाडेर जसपाको सदस्यता लिएका छन्।

नवप्रवेशीहरूलाई जसपाका केन्द्रीय वरिष्ठ उपाध्यक्ष गोविन्द चौधरीले टीका तथा माला लगाएर पार्टीमा स्वागत गरेका थिए। कार्यक्रममा मधेस प्रदेश अध्यक्ष बालकिशोर प्रसाद यादव, गुजरा नगरपालिकाका मेयर सन्तलाल प्रसाद चौधरी, प्रदेश सचिव पुनित राम, प्रदेश सदस्य अनिल यादव, विजय चौधरीलगायत नेताहरूको उपस्थिति थियो।

गोपाल राय यादव २०७४ र २०७९ सालको स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसको टिकटबाट फतुवा विजयपुर नगरपालिकाको मेयर पदमा निर्वाचित भएका थिए। तर भ्रष्टाचारसम्बन्धी मुद्दामा दोषी ठहर भई सर्वोच्च अदालतबाट समेत सजायको फैसला सदर भएपछि उनको राजनीतिक यात्रामा चुनौती थपिएको थियो।

अदालतको फैसलापछि यादव र नेपाली कांग्रेस रौतहटका जिल्ला सभापति तथा पूर्व अर्थमन्त्री सुनिलकुमार यादव (जितेन्द्र) बीचको सम्बन्धसमेत चिसिएको बताइन्छ। पारिवारिक रूपमा आफन्त रहे पनि दुवै पक्षबीच बोलचालसमेत बन्द भएको र आदित्य यादवले विभिन्न अवसरमा कांग्रेस नेतृत्वको आलोचना गर्दै आएको राजनीतिक वृत्तमा चर्चा हुँदै आएको थियो।

यही पृष्ठभूमिमा गोपाल यादवले कांग्रेस छाडेर जसपा रोज्नुलाई सामान्य पार्टी प्रवेशभन्दा पनि फतुवा विजयपुरको आगामी चुनावी राजनीतिसँग जोडेर हेरिएको छ।

सवारी दुर्घटनामा प्रहरीको मृत्यु

टुडे समाचारदाता

रौतहट। ट्र्याक्टर र मोटरसाइकल एकआपसमा ठोक्किँदा रौतहटमा एक प्रहरी जवानको मृत्यु भएको छ भने उनकी श्रीमती गम्भीर घाइते भएकी छन्।

मृत्यु हुनेमा गुजरा नगरपालिका-४ पोखरभिन्डा निवासी ३५ वर्षीय प्रहरी जवान सुभाष चौधरी रहेका छन्। उनी हाल बाराको इलाका प्रहरी कार्यालय सिम्रौनगढमा कार्यरत थिए। दुर्घटनामा उनकी श्रीमती ३० वर्षीया निशा खड्का घाइते भएकी छन्। उनी पनि प्रहरी जवान हुन्। मोटरसाइकल चौधरीले चलाएका थिए भने पछाडि उनकी श्रीमती सवार थिइन्।

प्रहरीका अनुसार बिहीबार साँझ रौतहटको फतुवा विजयपुर नगरपालिका-११ मा ना २ त ४७८६ नम्बरको ट्र्याक्टर र बागमती प्रदेश ०२-०५३ प ८२०२ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएका थिए।

दुर्घटनामा दुवै जना घाइते भएपछि उपचारका लागि वीरगञ्जस्थित बयोधा मेडिसिटी अस्पताल लगिएको थियो। उपचारकै क्रममा बिहीबार राति करिब ८ बजे चिकित्सकले चौधरीलाई मृत घोषणा गरेका थिए। दुर्घटनामा गम्भीर घाइते भएकी खड्काको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

नागरिकता प्रमाणपत्रको प्रतिलिपि अब अन्य जिल्लाबाट पनि लिन पाइने

काठमाण्डु। सरकारले नागरिकता प्रमाणपत्रसम्बन्धी सेवा प्रवाहलाई सहज र प्रविधिमैत्री बनाउने उद्देश्यले नेपाल नागरिकता (पाँचौं संशोधन) नियमावली, २०८३ जारी गरेको छ।

गृह मन्त्रालयले बिहीबार जारी गरेको संशोधित नियमावलीले नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन, अभिलेख व्यवस्थापन गर्न तथा नागरिकतासम्बन्धी सेवा प्रवाहलाई सहज बनाउन नयाँ व्यवस्था गरेको छ।

नयाँ व्यवस्थाअनुसार अब नेपाली नागरिकले आफूले नागरिकता लिएको जिल्लाभन्दा अर्को जिल्लाबाट पनि नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन सक्नेछन्। त्यसका लागि राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर खुल्ने कागजात पेस गर्नुपर्नेछ। सम्बन्धित व्यक्तिको विवरण नागरिकता सूचना व्यवस्थापन प्रणाली र जैविक विवरण राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीसँग रुजु गरी प्रमुख जिल्ला अधिकारीले प्रतिलिपि जारी गर्न सक्ने व्यवस्था गरिएको छ।

नियमावलीले नागरिकता प्रमाणपत्र हराएमा, च्यातिएर काम नलाग्ने भएमा, आगलागी वा पानीका कारण नष्ट भएमा, बसाइँसराइ गरेमा वा नयाँ ढाँचामा आवश्यक परेमा प्रतिलिपि लिन सकिने व्यवस्था गरेको छ।

यसअघि नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिन सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा जानुपर्ने अवस्थालाई सहज बनाउँदै नयाँ नियमावलीले अन्य जिल्लाबाट समेत सेवा लिन सक्ने बाटो खोलेको हो।

त्यसैगरी, विवाह हुनुअघि नागरिकताको प्रमाणपत्र नलिएकी नेपाली महिलाले नेपाली नागरिक पतिका ठेगानाबाट नागरिकता लिन चाहेमा विवाह दर्ता प्रमाणपत्र र पतिको नागरिकता पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। पतिको मृत्यु भइसकेको अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ। यस्तो नागरिकता लिन पति वा सासू, ससुरा, जेठाजु, देवर, छोरा वा छोरीमध्ये कम्तीमा एक जना उपस्थित भई सनाखत गर्नुपर्नेछ।

नियमावलीले नागरिकता प्रमाणपत्र जारी गर्ने कार्यालयले त्यसको अभिलेख सुरक्षित राख्नुपर्ने र निवेदकले पेस गरेका विवरण तथा कागजात नागरिकता सूचना व्यवस्थापन प्रणालीमा राख्नुपर्ने व्यवस्था पनि गरेको छ। जिल्ला प्रशासन कार्यालयले नागरिकता वितरणको मासिक विवरण गृह मन्त्रालयमा पठाउनुपर्नेछ।

नयाँ व्यवस्थाअनुसार नागरिकता प्रमाणपत्रको अभिलेख तथा नम्बरलाई व्यवस्थित गर्न जिल्लागत र कार्यालयगत कोड, जारी वर्ष र क्रम संख्याका आधारमा नागरिकता नम्बर कायम गरिनेछ।

त्यसैगरी, नाबालक परिचयपत्र हराएमा, च्यातिएमा वा आगलागी तथा पानीका कारण नष्ट भएमा प्रतिलिपि लिन सकिने व्यवस्था गरिएको छ। यसका लागि नाबालक वा निजका बाबु वा आमाले प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछन्।

नागरिकता प्रमाणपत्रसम्बन्धी कामका लागि स्थानीय तहले दिएको सिफारिस ३५ दिनसम्म मान्य हुने व्यवस्था पनि संशोधित नियमावलीमा छ।

नेपाल नागरिकता ऐन, २०६३ को अधिकार प्रयोग गरी सरकारले जारी गरेको उक्त नियमावली तुरुन्त प्रारम्भ हुने सूचनामा उल्लेख छ। रासस

'विश्वविद्यालयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न कुनै समस्या छैन'

सुदूरपश्चिम। सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयले चिकित्सा शिक्षा आयोगले सञ्चालन अनुमति दिएका शैक्षिक कार्यक्रम कार्यान्वयनमा कुनै समस्या नरहेको जनाएको छ।

विश्वविद्यालयले विश्वविद्यालयले चिकित्सा शिक्षा आयोगबाट स्वीकृत शैक्षिक कार्यक्रम सञ्चालनका लागि मपदण्डअनुसार आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापन र संस्थागत तयारी गरेकाले कुनै द्विविधामा नरहन आमसरोकारवालालाई आग्रह गरेको हो।

विश्वविद्यालयका उपकुलपति प्राडा सुनिलकुमार जोशीले चार शैक्षिक कार्यक्रमका लागि स्वीकृत ९० सिटअनुसार पठनपाठन सञ्चालन गर्न कुनै समस्या नरहेको बताउनुभएको हो। आयोगले कानुनी तथा संस्थागत प्रक्रिया, उपलब्ध पूर्वाधार, जनशक्ति र व्यावहारिक अभ्यासको सुनिश्चितताका आधारमा सिट निर्धारण गरेकाले अन्योलमा रहनुपर्ने कुनै कारण नरहेको उहाँले राससलाई जानकारी दिनुभयो।

"आयोगले हालसम्मका नजिर, संस्थागत अभ्यास र मापदण्ड, विश्वविद्यालयमा रहेका पूर्वाधार क्षमता, जनशक्ति व्यवस्थापन एवं शिक्षणका क्रममा गरिने व्यावहारिक अभ्यासको सुनिश्चितताका आधारमा सिट निर्धारण गरेको छ। त्यस आधारमा हामीले सबैका काम गरिरहेका छौँ", उपकूलपति प्राडा जोशीले भन्नुभयो।

उहाँका अनुसार शिक्षण कार्यका लागि आवश्यक पाठ्यक्रम, दक्ष जनशक्ति, उपकरणसहितका प्रयोगशाला र व्यावहारिक अभ्यासका लागि संस्थागत क्षमता विकासको काम नियमानुसार भइरहेको छ। विश्वविद्यालयले अस्पतालको शय्या क्षमता, छात्रवृत्ति तथा विद्यार्थी व्यवस्थापनका लागि आवश्यक स्रोत सुनिश्चित गरिएको पनि जनाएको छ।

हाल स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयको नियमानुसार शिक्षण अस्पतालमा ३२५ शय्या पूर्ण सञ्चालन क्षमता रहेको, ६२२ शय्या व्यवस्थापन भएको र छात्रवृत्तिका लागि रु सात करोड ३९ लाख ३९ हजार स्रोत सुनिश्चितता गरिएको विश्वविद्यालयले जनाएको छ।

विश्वविद्यालयका रजिस्ट्रार डा भीमबहादुर चन्दले एमबीबीएसमा ५०, बीएस्सी नर्सिङमा २०, मेडिकल ल्याबोरेटरी टेक्नोलोजीमा १० र अप्टोमेट्रीमा १० गरी ९० सिटका लागि आवश्यक आधार तयार रहेको बताउनुभयो। उहाँले पछिल्ला पाँच वर्षमा सञ्चालनमा आएका देशभरका पाँच स्वास्थ्य विज्ञान प्रतिष्ठानले पठनपाठन सुरु गर्दाको अवस्थासँग तुलना गर्दा विश्वविद्यालयको तयारी निकै अगाडि रहेको दाबी गर्नुभयो।

"हामीसँग ९२० शय्या क्षमताको पूर्वाधार तयार छ। एकैपटक दुई हजारभन्दा बढी विद्यार्थीलाई राखेर पठनपाठन गर्ने पूर्वाधार छ। शिक्षण अस्पतालमा दैनिक सरदर चारदेखि पाँच सय विरामी सेवा लिन आउने अवस्था बनिसकेको छ", रजिष्ट्रार चन्दले भन्नुभयो, "विद्यार्थी छनोट भएर आउँदासम्म शैक्षिक तथा शिक्षण अस्पतालका लागि आवश्यक बाँकी काम पनि पूरा हुने सुनिश्चितता भइसकेको छ।"

शैक्षिक कार्यक्रम सञ्चालनका लागि सेती, महाकाली र लम्कीचुहा अस्पतालसँग पनि सहकार्य गरिएको रजिस्ट्रार डा चन्दले बताउनुभयो। उहाँका अनुसार यस्तो सहकार्यले विद्यार्थीको व्यावहारिक सिकाइ विस्तार गर्नुका साथै सम्बन्धित अस्पतालको सेवा क्षमता विकासमा समेत सहयोग पुग्नेछ।

"देशका अन्य प्रतिष्ठानमा शिक्षण कार्य सुरु गर्दा कतिपय संस्थाका नाममा एउटा पनि शय्या भएको अस्पताल थिएन। अन्य संस्थासँगको सहकार्यमै सेवा सञ्चालन गरिएको थियो", रजिस्ट्रार डा चन्दले भन्नुभयो, "हामीसँग आफ्नै तीन सयभन्दा बढी शय्या क्षमताको अस्पताल तयारी अवस्थामा छ। मापदण्डअनुसारको पूर्वाधार र अन्य स्रोतसाधनमा समस्या छैन।"

विश्वविद्यालयले शिक्षण अस्पतालमा हाल ३२५ शय्याको सञ्चालन क्षमता रहेको र स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयको नियमानुसार सेवा सञ्चालन भइरहेको जनाएको छ। अस्पतालमा जनरल मेडिसिन, जनरल सर्जरी, अर्थोपेडिक्स, स्त्री तथा प्रसूति रोग, बालरोग, मानसिक रोग, छालारोग, नाक-कान-घाँटी, न्युरोलोजी र दन्तरोगलगायत तीन दर्जनभन्दा बढी सेवा सञ्चालनमा छन्।

अस्पतालमा आकस्मिक उपचार, सघन उपचार कक्ष (आईसीयू), नवजात शिशु सघन उपचार कक्ष (एनआईसीयू), बाल सघन उपचार कक्ष (पीआईसीयू), उच्च निर्भरता उपचार कक्ष (एचडीयू), शल्यक्रिया तथा शल्यक्रियापछिको उपचार सेवा उपलब्ध छन्। यसैगरी प्याथोलोजी, बायोकेमिस्ट्री, माइक्रोबायोलोजी, एक्स-रे, अल्ट्रासाउन्ड, ईसीजी, इकोकार्डियोग्राफी, इन्डोस्कोपी, कोलोनोस्कोपी, फिजियोथेरापी र फार्मेसीलगायतका सेवा सञ्चालनमा रहेको विश्वविद्यालयले जनाएको छ।

शिक्षण अस्पतालको सेवा विस्तार गर्ने क्रममा क्याथ ल्याब स्थापना गरी मुटुरोगको विशिष्टीकृत उपचार सेवा विकास गर्ने तथा बर्न युनिट र ट्रमा सेन्टर स्थापना गर्ने योजना पनि विश्वविद्यालयले अघि सारेको छ। आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्ने तयारी भइरहेको जनाइएको छ।

यसरी आवश्यक तयारी पूरा भइसकेको अवस्थामा शैक्षिक कार्यक्रम सञ्चालनबारे भ्रम फैलिँदा समस्या सिर्जना भएको विश्वविद्यालय प्रशासनले जनाएको छ। उपकुलपति जोशीले विगतमा जनशक्ति नियुक्तिको प्रक्रियाका क्रममा उत्पन्न अन्योलका कारण छनोट भएका केही व्यक्ति विश्वविद्यालयमा नआएको उल्लेख गर्दै अहिले पनि विद्यार्थी भर्नाको तयारीका बेला अनावश्यक भ्रम सिर्जना भइरहेको बताउनुभयो।

"यसरी भ्रम फैलाउने कामले कसैको हित गर्दैन। तीन दशक लामो प्रतिक्षापछि सञ्चालनमा आउन लागेको राष्ट्रिय गौरवका रूपमा रहेको यस विश्वविद्यालयको हित चाहने पक्षले यस्तो काम गर्दैनन्। रचनात्मक खबरदारीको हामी स्वागत गर्छौं, तर विरोधका लागि विरोध गर्ने प्रवृत्तिबाट विचलित हुँदैनौँ", उहाँले भन्नुभयो।

विश्वविद्यालय सञ्चालनका लागि प्रधानमन्त्री एवं कुलपति वालेन्द्र शाह, सङ्घीय, प्रदेश र स्थानीय सरकार तथा आमनागरिकको साथ रहेकाले देखिएका अवरोध समाधान गर्दै अघि बढ्न आफूहरू सक्षम रहेको प्रा डा जोशीको भनाइ छ। रासस

एभ्री बाउन्ड्री काउन्ट्सः एनपीएलका हरेक बाउन्ड्रीमा रेडपान्डा संरक्षणका लागि योगदान दिँदै इसेवा

टुडे समाचारदाता

काठमाण्डु। नेपालको अग्रणी डिजिटल भुक्तानी सेवा प्रदायक इसेवाले नेपाल प्रिमियर लिग (एनपीएल) २०२६ मार्फत दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तु रेड पान्डा (हाब्रे) को बासस्थान संरक्षणमा सहयोग गर्ने भएको छ। 'एभ्री बाउन्ड्री काउन्ट्स' अभियानअन्तर्गत इसेवाले एनपीएलमा प्रहार हुने प्रत्येक छक्काबापत रु. २,००० र प्रत्येक चौकाबापत रु. १,००० रकम (करसहित अधिकतम सीमा रु. १० लाखसम्म) योगदान गर्नेछ।

एनपीएलको आधिकारिक टिकटिङ साझेदारसमेत रहेको इसेवाले रेड पान्डा नेटवर्क तथा रेड पान्डा नेटवर्क नेपालसँगको सहकार्यमा प्रतियोगितामा प्रहार हुने प्रत्येक चौका र छक्काबापत रेड पान्डाको बासस्थान संरक्षण कार्यका लागि उक्त रकम योगदान गर्ने भएको हो। यस सम्बन्धमा इसेवा, रेड पान्डा नेटवर्क तथा रेड पान्डा नेटवर्क नेपालबीच त्रिपक्षीय साझेदारी भएको हो।

एनपीएलमा प्रहार हुने बाउन्ड्रीबापत इसेवाले योगदान दिने रकम रेड पान्डाको प्राकृतिक बासस्थान पुनर्स्थापना तथा स्थानीय समुदायका लागि रोजगारी सिर्जना गर्न उपयोग गरिनेछ। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयूसीएन) को रातो सूचीमा सङ्कटापन्न प्रजातिका



रूपमा सूचीकृत रेड पान्डाको संरक्षणका लागि बासस्थानको सुरक्षा र पुनर्स्थापना महत्वपूर्ण मानिन्छ। यस अभियानअन्तर्गत रेड पान्डाको बासस्थान रहेको इलाम तथा पाँचथरका सामुदायिक वन क्षेत्रमा सन् २०२७ को जुन-जुलाईमा संरक्षण तथा वृक्षरोपण कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएको छ।

यसअन्तर्गत स्थानीय प्रजातिका बिरुवा रोप्ने, रोपिएका बिरुवाको संरक्षण तथा हेरचाह गर्ने र वन्यजन्तुमैत्री वातावरण पुनर्स्थापना गर्ने कार्यहरू समावेश हुनेछन्। यस अभियान अन्तर्गत करिब १० हेक्टर क्षतिग्रस्त बासस्थान पुनर्स्थापना गर्ने, १० हजार स्थानीय प्रजातिका बिरुवा रोप्ने र स्थानीय समुदायका लागि करिब ६०० श्रमदिन बराबरको पारिश्रमिकसहितको रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ। रोजगारीका अवसरमा महिलालाई प्राथमिकता दिइनेछ।

अभियानबारे जानकारी दिँदै इसेवाका प्रमुख रणनीति अधिकृत रवि शाक्यले नेपाल प्रिमियर लिग सम्पूर्ण क्रिकेटप्रेमीका लागि ठुलो उत्सव भएको बताउँदै खेलको यही उत्साहलाई प्रकृति संरक्षणमा रूपान्तरण गर्ने प्रयास गरिएको बताए।

"नेपाल प्रिमियर लिग देशभरका क्रिकेटप्रेमीका लागि एउटा ठुलो उत्सव हो। एनपीएलमा प्रहार हुने हरेक चौका र छक्काबापत रेड पान्डाको बासस्थान संरक्षणमा सघाउँदै खेलको उत्साहलाई प्रकृति संरक्षणमा रूपान्तरण गर्ने प्रयास गरेका छौँ," शाक्यले भने, "यस अभियानमार्फत खेलकुदको सकारात्मक प्रभावद्वारा जैविक विविधताको संरक्षण र स्थानीय समुदायको जीविकोपार्जनमा सहयोग पुऱ्याउने हाम्रो लक्ष्य छ। क्रिकेटप्रेमीको यो साझा उत्सवले संरक्षणको क्षेत्रमा पनि अर्थपूर्ण योगदान पुऱ्याउने विश्वास लिएका छौँ।"

यसै गरी, रेड पान्डा नेटवर्कका कार्यकारी निर्देशक आङ फुरी शेर्पाले क्रिकेटको लोकप्रियतालाई रेड पान्डा संरक्षणसँग जोड्न इसेवासँग सहकार्य गर्न पाउँदा खुसी व्यक्त गर्दै यसले संरक्षण र समुदायको हितमा काम गर्न थप प्रोत्साहन मिलेको बताए।

त्यस्तै, रेड पान्डा नेटवर्क नेपालका अध्यक्ष डा. शैलेन्द्रबहादुर थकालीले क्रिकेटको ऊर्जालाई रेड पान्डाको भविष्यसँग जोडेकोमा इसेवाप्रति आभार व्यक्त गर्दै यस सहकार्यले रेड पान्डाको बासस्थान संरक्षण र हरित रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।

यस अभियानले खेलकुदमार्फत जैविक विविधताको संरक्षणमा योगदान पुऱ्याउनुका साथै संरक्षण क्षेत्रमा स्थानीय समुदायको सहभागिता र जीविकोपार्जनका अवसर सिर्जनामा समेत टेवा पुग्ने इसेवाको विश्वास रहेको छ।

एनपीएल अवधिभर प्रत्येक चौका र छक्काबाट जम्मा भएको योगदानको विवरण इसेवाको वेबसाइट तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछ। यस अभियानमार्फत इसेवाले डिजिटल भुक्तानीको दायरालाई वातावरण संरक्षण र समुदायको हितसँग जोड्दै जिम्मेवार व्यावसायिक अभ्यासलाई निरन्तरता दिने जनाएको छ।

श्री राष्ट्रिय माध्यमिक विद्यालय कान्तिबजार
गौशाला नगरपालिका वार्ड न. १२ (जि. महोतरी)
शिक्षक भर्ना सम्बन्धी सूचना

यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८३/०५/१८ गते को निर्णय अनुसार यस श्री रा.मा.वि. कान्तिबजारमा खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्तिका लागि मिति २०८३/०७/१३ देखि मिति २०८३/०७/२७ गते सम्म विज्ञापन गरिएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले आफुले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाण-पत्र, नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र हस्त लिखित निवेदन सहित तपसिल विवरणको आधारमा दरखास्त आह्वान गरिन्छ।

तपसिल

क्र. स.	विज्ञापन नं.	पद	विषय	सेवा	न्युनतम शैक्षिक योग्यता	संख्या	कैफियत
१.	०२/२०८३/०८४	मा.शि. द्वितीय	भौतिक विज्ञान	करार	मान्यता प्राप्त विश्व विद्यालय बाट स्नातकोत्तर (M.Sc)	१	दोस्रो पटक

१. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
२. फौजदारी अभियोगमा अदालतद्वारा कसुरदार नठहरिएको
३. दरखास्त दिने स्थान श्री राष्ट्रिय मा. वि. कान्तिबजार, (कार्यालय समयमा)
४. परीक्षाको किसिम- लिखित, मौखिक तथा कक्षा अवलोकन।
५. परिक्षा दस्तुर - रु. २१००/- (नेपाल बैंक लि. गौशाला शाखा ०९४००१०६४४५२५७००००१)
६. सम्पर्क मिति २०८३/०७/२७
७. परिक्षा मिति सम्पर्क मितिको दिन तोकिने छ :
८. तलव भत्ता नियम अनुसार

विशेष जानकारीका लागि श्री राष्ट्रिय मा.वि.कान्तिबजारको कार्यालय वा सम्पर्क नं९८४४०३५९३५. मा सम्पर्क गर्नु होला।

प्रधानाध्यापक

तीन पत्रकार पक्राउ, चौथो पक्राउ गर्न मिडिया कार्यालयमा प्रहरी

तत्काल रिहा गर्न काउन्सीलको माग

टुडे समाचारदाता

जनकपुरधाम । सरकारको टार्गेटमा अब पत्रकारहरु पर्न थालेका छन् । पत्रकारहरु पक्राउले मिडियाहरु त्रसित भएका छन् । शुक्रवार मात्रै योसमाचार लेख्दासम्म राजधानी काठमाडौबाट तीन जनालाई पत्रकारलाई पक्राउ गरिसकेका छन भने तेश्रो पत्रकारलाई पक्राउ गर्न उनको मिडियामा सादा पोशाकका अनुसन्धानका प्रहरीहरु बसेका थिए ।

प्राप्त जानकारी अनुसार नेपाल प्रेस डटकमका पत्रकार विश्वमणि सुवेदी, डिएनका प्रधान सम्पादक धिरज बस्नेत र मोटिभेट न्यूजका पत्रकार शोभराज बराललाई पक्राउ गरेका छन भने नयाँ पत्रिकाका पत्रकार नवराज मैनालीलाई पक्राउ गर्न अनुसन्धानको प्रहरी हुँ भन्दै सो पत्रिकाको कार्यालयमा अबेरसम्म बसेको थियो ।

सादा पोशाकमा आएका प्रहरीले सुरक्षा र अपराध बिटमा रिपोर्टिङ गर्दै आएका पत्रकार विश्वमणी सुवेदीलाई पक्राउ पुर्जी बिना नै सादा पोशाकमा आएका प्रहरीहरु कार्यालयभित्र प्रवे गरी नियन्त्रणमा लिएको नेपाल प्रेसले जनाएको छ ।

पत्रकार सुवेदी नेपाल प्रेसको समाचार कक्षमा कार्यरत रहेको बेलामा तीन जना व्यक्तिहरु कार्यालयभित्र प्रवेश गरेका थिए । प्रहरीको भ्यानमै आएका उनीहरुले गेटमा रहेका गार्डलाई साथी भेट्न आएको भनेर भित्र छिरेका थिए । समाचार कक्षभित्र प्रवेश गरेर उनीहरुले पत्रकार सुवेदीलाई समाचारको विषयमा छलफल गर्नुपर्ने भएकाले आफूहरुसँग जान भन्दै लगेका थिए ।

यसैबीच मोटिभेट न्युजका अध्यक्ष तथा प्रधान सम्पादक शोभराज बराललाई प्रहरीले अनामनगरबाट नियन्त्रणमा लिएको पत्रकार महासंघका केन्द्रीय सदस्य सुर्य सुवेदीले जनाएको छ । सादा पोशाकमा आएका प्रहरीले अनामनगर स्थित भाटभटेनी नजिकै रहेको कार्यालयबाट उनलाई 'केही कुरा गर्नुपर्ने छ' भन्दै नियन्त्रणमा लिएका हुन् ।

इनम सापकोटा र न्यायाधीश हरि फुयाँलबिचको संवाद र आईजीपी दान बहादुर कार्कीलाई सरकारले हटाउन खोजेको सम्बन्धी विवरण डीएनए खबरको पेज र युट्यूबमा प्रकाशन गरिएको थियो ।

उता पत्रकार नवराज मैनालीलाई पक्राउ गर्न आफूहरु नेपाल प्रहरी बताउने एक जत्था नयाँ पत्रिकाको कार्यालयमा प्रवेश गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय प्रमुख सन्तोष खड्काको आदेश भन्दै सात जनाको समूह नयाँ पत्रिकामा प्रवेश गरेको हो ।

समाचार लेखेकै आधारमा पत्रकार नवराज मैनालीलाई कार्यालयमा उपस्थित गराउन भन्दै उक्त समूहले धरपकड गर्ने प्रयास गरेको छ । यो समाचार लेख्दासम्म सो टोली मैनालीलाई लिएर जाने भन्दै समाचार कक्षमै बसेको थियो ।

तत्काल रिहा गर : काउन्सील

पत्रकार पक्राउ घटनाको चौतर्फी आलोचनापछि प्रेस काउन्सीलले तत्काल रिहा गर्न माग गरेको छ । सरकारी कार्यालय समय सकिएपछि विभिन्न सञ्चारमाध्यमका समाचार कक्षमै प्रवेश गरी सादा पोशाकका प्रहरीले पत्रकारहरूलाई नियन्त्रणमा लिएको तथा पक्राउ गर्ने प्रयास गरेको घटनाप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलले विज्ञप्ति जारी गरी पक्राउको स्पष्ट कारण नखुलाइएको, पक्राउ पूर्जी नदेखाइएको, अदालतको अनुमति लिइएको नदेखिएको तथा अपराधको जाहेरी परेको विषयसमेत स्पष्ट नभएको अवस्थामा लगातार दुई दिन सार्वजनिक बिदा पर्नुअघि यसरी पत्रकारलाई नियन्त्रणमा लिइनु गम्भीर आपत्तिको विषय भएको उल्लेख गरेको हो ।

विज्ञप्तिमा काउन्सीलले समाचारकै विषयमा सिधै प्रहरी परिचालन गर्नुको सट्टा काउन्सिलको स्थापित विधि र प्रक्रियाबाट समाधान खोज्न नेपाल सरकार, प्रहरी प्रशासन तथा सम्बद्ध सबै पक्षलाई काउन्सिल आग्रह गर्दछौ भनेका छन् ।

काउन्सिल नियन्त्रणमा लिइएका पत्रकारको अवस्था र पक्राउको कानुनी आधार तत्काल सार्वजनिक गर्न तथा कानुनी आधारबिना नियन्त्रणमा राखिएको भए तत्काल रिहा गर्न आग्रह गरेको छ ।

चौतर्फी आलोचना

नेपाल बार एसोसिएसनका अध्यक्ष डा. विजयप्रसाद मिश्रले विभिन्न सञ्चारमाध्यमका समाचार कक्षमा प्रवेश गरेर पत्रकारहरूलाई पक्राउ गरिएको घटनाले शाही शासनकालको झल्को दिएको भन्ने आलोचना गरेका छन ।

प्रहरीले विभिन्न सञ्चारमाध्यमका समाचार कक्षमा पुगेर संवाददाता तथा अन्य पत्रकारहरूलाई पक्राउ गरेको घटनाप्रति प्रतिक्रिया दिँदै अध्यक्ष मिश्रले यस्तो कार्य उचित नभएको बताएका हुन् ।

यस घटनाप्रति नेपाल बार एसोसिएसनले दुःख व्यक्त गरेको उल्लेख गर्दै अध्यक्ष मिश्रले पक्राउ परेका तथा हिरासतमा राखिएका पत्रकारहरूलाई तत्काल रिहा गर्न माग गरेका छन् । 'पत्रकारहरूलाई पक्राउ र दमन गरेर सरकार सफल भएको उदाहरण विश्वभर कतै पनि भेटिँदैन। यो राम्रो संकेत पनि होइन,' उनले भने ।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता जगदीश खरेलले समाचार लेखेकै आधारमा पत्रकारलाई पक्राउ गर्ने, धरपकड गर्ने वा समाचार कक्षमा प्रवेश गरेर दबाब दिने कार्य पार्टीको नीति र सिद्धान्तविपरीत रहेको बताएका छन् ।

पत्रकारलाई समाचारकै विषयमा पक्राउ गर्ने वा सोधपुछका नाममा धरपकड गर्ने कार्य संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको समेत विपरीत हुने उनको भनाइ छ ।

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले समाचार संकलन तथा सूचना सार्वजनिक गरेकै आधारमा प्रहरी परिचालन गरी पत्रकार पक्राउ गर्नु सर्वसत्तावादी प्रवृत्तिको पराकाष्ठा भएको बताएका छन् ।

समाचार सामग्रीप्रति आपत्ति वा असहमति भए त्यसको परीक्षण र निरूपण गर्ने कानुनी बाटो हुँदाहुँदै राज्यशक्तिको दुरुपयोग गरेर पत्रकारलाई हतोत्साहित पार्नु विधिको शासनविपरीत भएको उनको भनाइ छ ।

नेकपा एमालेका प्रमुख प्रचार तथा प्रकाशन विभागका प्रमुख निरज आचार्यले नेपाली सञ्चारगृहहरूमा छापा मार्ने, सञ्चारकर्मीमाथि धरपकड गर्ने तथा भय र त्रासको वातावरण सिर्जना गर्ने सरकारको कार्यशैलीप्रति कडा आपत्ति जनाएका छन् ।

वरिष्ठ पत्रकार तथा नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेले समाचारको स्रोत पत्ता लगाउने नाममा समाचार कक्षमै प्रवेश गरेर प्रहरीले पत्रकार पक्राउ गर्न थालेको हो भने मुलुकमा संविधान समाप्त भएको टिप्पणी गरेका छन् ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि लड्दै गर्नुपर्ने भए पनि अहिले पहिले संविधान जोगाउन लड्नुपर्ने अवस्था आएको उनको भनाइ छ ।

त्यस्तै जेनजी अभियन्ता रक्षा बमले सञ्चारमाध्यमभित्रै प्रवेश गरेर पत्रकार पक्राउ गरिएको घटनाप्रति आपत्ति जनाउँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि प्रश्न उठाएकी छन् ।

उनले रवि लामिछानेलाई लक्षित गर्दै सुशासनको नारा लगाउने पार्टीको नेतृत्वमा रहेको सरकारका गतिविधिमाथि प्रश्न उठाएकी हुन् ।

मौलिकता गुमाउँदै, अस्लीलता बढाउँदै

ब्लग :



श्यामसुन्दर शशि

विजयादशमी सम्पन्न भएको छ । दीपावली, भाद्र द्वितीया, हुर्रा-हुर्री, छठ, झण्डा, कतिका-कुम्मर, कतिकी पूर्णिमालगायतका पर्व-तिहारहरु बाँकी छन् । आगत पर्व-तिहारहरुलाई भव्यता प्रदान गर्न पुनः मेला आयोजक कमिटीहरु गठन हुँदैछन् । वर्षभरि नेताहरुको गणेश परिक्रमा गर्ने युवा कमिटीसंग आवद्ध युवाहरुको सक्रियता पुनः बढेको छ । चन्दा असुली शुरु भएको छ । विजयादशमी जस्तै गाउँगाउँमापुनः मेलालाग्ने छ । चर्को स्वरमा लाउडिस्पीकर बज्ने छ । आर्केष्ट्राको नाममा पुनः अश्लील नृत्य हुने छ अनि बालकदेखि बृद्धसम्म कुर्ता खोलेर नचिनियाहरुसंगै नाच्ने छन् । नाच देखेपछि गाउँकी महिलाहरु- 'लंहगा उठा दे रिमोटसं....।' गीत गुनगुनाउँदै घर फर्किने छन्। अल्लारे केटा-केटी, किशोर-किशोरी, युवा-युवती मात्र होइनन् जिम्मेवार बृद्ध-बृद्धा तथा ब्रतालुदेखि श्रद्धालुसम्म मोवाइलमा विभिन्न पोजका फोटो र भिडियो कैद गरी रिल बनाएर फेसबुक, टिकटक र यु-ट्यूबलगायतका सामाजिक सञ्जालमा राखेर लाइक, कमेन्ट र भ्यूजका लागि आग्रह गर्ने छन् । जुन फोटो र भिडियो जति अस्लील, भडकाउँ, विवादित हुन्छ- लाइक, कमेन्ट र सेयर त्यतिकै अधिक हुन्छ । लाइक, कमेन्ट र भ्यूजकै आधारमा पैसा आउने भएपछि-भाँड़मे जाये दुनिया, हमबजाएब हरमुनिया.............।

'विद्यालयमा शिक्षक र गुणस्तरीय शिक्षा भएन । अस्पतालमा डाक्टर छैनन् । औषधि आभाव छ । किसानले समयमा मल र बीउ पाएनन् । गाउँमा गोटी-गाँजा खानेहरुको संख्या बढ्यो । पैसा अभावमा अमुकको छोरा छोरी पढ्न पाइरकेका छैनन् । उपचार गर्न गाह्रो छ ।' यी र यस्ता विषयमा गाउँमा सार्वजनिक भेला भएको सुन्नु भएको छ ? सुन्नु भएको छ भने हजूर भाग्यमानी हुनुहुन्छ । तर मेला-उत्सव मनाउँन, आर्केष्ट्रा नचाउन, दलका नेताहरुको स्वागत-अभिवादन गर्न गाउँगाउँमा तारन्तार बैठक बसिरहन्छ । सहभागीहरु दिल खोलेर चन्दा दिन्छन् अनिमेला-उत्सवमा खशी-खुशी सहभागी हुन्छन् । मौका पाए, नचनियासंग टाँसेर वा अंगालो हालेर फोटो खिचाउन अघि बढ्छन् ।

भर्खरै सम्पन्न भएको बडा दशैंको अवसरमा जनकपुरधामसंगै गाउँ-गाउँमा भव्य मेला लाग्यो । आर्केष्ट्रामा नर्तकीहरुले गज्जवका नृत्य प्रस्तुत गरे । कहिँ पेस्तोल तेर्साएर आकर्षक नृत्य गर्दै गरेकी नचनियाको तस्वीर भाइरल भयो । कहीं पैरोडी धार्मिक गीतको तालमा नचनियासंगै मञ्चमै झुम्दै गरेका आयोजक समितिका युवा अभियन्ताहरुको दृश्य भाइरल भयो । जनकपुरधाममा सांस्कृतिक उत्सव नाम दिइएको कार्यक्रममा मिथिला संस्कृतिको 'स' सम्म हेर्न पाइएन । तर मिथिलेश्वरको आर्केष्ट्रा भने सबैभन्दा बेजोड थियो । जसमा नचनियाको छातिमा चुम्मा लिँदै गरेको एक जना बृद्धको फोटो र भिडियो सार्वजनिक भएको थियो । आफ्नो नातिनी उमेरकी नचनियाको छातिमा चुम्मा लिँदै गरेको बृद्धको तस्वीर देखेपछि म अचम्भित छु- 'नचनियाको छातीमा चुम्मालिने बृद्ध आफ्नी नाति-नातिनाको सामु कुन मुख लिएर उभिनसकेका होलान् ? आकेष्ट्राको सट्टा (रकमको समझौता) गर्ने व्यक्ति त्यहीँ गाउँका थिए कि अर्को गाउँका ? म अचम्भित यस अर्थमा पनि छु कि यस्तो अश्लील नृत्य गाउँमा ल्याउने समाजका अगुवाहरुले सोचे कि सोचेनन्- यो नृत्य हेर्न मेरा बुबा आउनु हुने छ । आमा-दिदीबहिनी पनि आउने छन् ? आर्केष्ट्राको सट्टा बन्हाउने त्यो अगुवा आफ्नी आमा र बहिनीसंग बसेर त्यो दृश्य कसरी हेर्न भ्याए होलान् ?

पर्व-तिहार, मेला-ठेला हाम्रो संस्कृति हो । परम्परा हो । यसलाई निरन्तरता दिनु पर्दछ । सके परिमार्जित गर्दै अगाडि बढाइनु पर्दछ । तर दशैंको अवसरमा प्रस्तुत हुने पारम्परिक झिझिया नृत्यलाई अचेल जुन शैली र धुनमा प्रस्तुत गर्न थालियो छ । त्यसले यस अनुष्ठानको मौलिकता माथि गम्भीर प्रश्न खडा गरेको छ । झिझिया रंगीचंगी पोशाकमा सजिएर, पेशेवर नर्तकीले प्रदर्शन गर्ने नृत्य होइन । यो अनुष्ठानको रुपमा आयोजन गरिने लोक उत्सव हो । पछिल्ला केही वर्षदेखि झिझिया महोत्सवको रुपमा प्रतिस्पर्धात्मक प्रतियोगिताहरु पनि आयोजन हुन थालेका छन् । लोपोन्मुख संस्कृतिहरुलाई संरक्षण गर्न थालिएको यो पहल स्वागतयोग्य हो । तर आयोजकहरुले झिझिया अनुष्ठानको मौलिक स्वरुपबारे गम्भीर बहस, छलफल गरेर प्रदर्शनकारी समूहहरुलाई यस विषयमा जानकारी दिनु पर्ने हो ।

आउन लागेका पर्व तिहारहरुको अग्रीम शुभकामना दिँदै विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु- पर्व-तिहार भव्यतापूर्वक मनाऔं । नाच-तमासा पनि आयोजन गरौं । तर आयोजकहरुले ध्वनी प्रदुषण, अश्लीलता, पर्व-तिहारको मौलिकताबारे सचेत रहनु पर्दछ । पुनित कार्य हो ।

प्रधानमन्त्री बालेन जनकपुरधाम आउने भएपछि स्वागतको तयारी तीव्र

टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र साह 'बालेन' छठ पर्वका अवसरमा जनकपुरधाम आउने कार्यक्रम तय भएसँगै उनको स्वागत तथा भ्रमण व्यवस्थापनको तयारी तीव्र पारिएको छ ।

प्रधानमन्त्रीको भ्रमणलाई लक्षित गर्दै जनकपुरधाम उपमहानगरपालिकाले नगरको सरसफाइ, सडक मर्मतसम्भार, पोलहरूमा बत्ती जडान तथा विमानस्थलदेखिगंगासागरसम्मका क्षेत्रमा रङरोगनलगायतका काम अघि बढाएको छ ।

प्रधानमन्त्री बालेनको भ्रमणलाई व्यवस्थित र सफल बनाउन दुई दिनअघि जनकपुरधाम उपमहानगरपालिकामासरोकारवाला निकायबीच बैठकसमेत बसेको थियो । उपमहानगरपालिकाका नगरप्रमुख मनोज साहको अध्यक्षतामा सम्पन्न बैठकमा सहरी विकास कार्यालय, सडक डिभिजन कार्यालय, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, उपमहानगरपालिकाका बोर्ड सदस्य तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

बैठकबाट प्रधानमन्त्रीको भ्रमणलाई सफल बनाउन सम्बन्धित सबै कार्यालयले आ-आफ्नो क्षेत्रबाट आवश्यक तयारी अघि बढाउने निर्णय गरिएको थियो । उपमहानगरपालिकाले तत्काल नगरको सरसफाइ, सडक तथा सार्वजनिक स्थलको व्यवस्थापन, पोलहरूमा बत्ती जडान र रङरोगनको कामलाई प्राथमिकताका साथ अघि बढाउने निर्णय गरेको बैठकमा सहभागी बोर्ड सदस्य एवं वडा नम्बर ७ का अध्यक्ष निरज साह 'मुन्ना'ले जानकारी दिए ।

उनका अनुसार प्रधानमन्त्री बालेन छठ पर्वका दिन जनकपुरधाम आउने कार्यक्रम रहेकाले भ्रमणलाई व्यवस्थित बनाउन सरसफाइदेखि अन्य आवश्यक व्यवस्थापनको जिम्मेवारी सम्बन्धित कार्यालयहरूलाई दिइएको छ ।

प्रधानमन्त्री बालेनले जनकपुरधामस्थित गंगासागरमा छठी माताको पूजाआजा गर्ने र त्यसपछि यात्री निवासमा विश्राम गर्ने कार्यक्रम रहेको जानकारी बैठकमा गराइएको अध्यक्ष साहले बताए ।

उपमहानगरपालिकाले प्रधानमन्त्रीको भ्रमणलाई लक्षित गर्दै नियमित सरसफाइलाई निरन्तरता दिएको छ भने बत्ती जडान र विभिन्न स्थानमा रङरोगनका कामसमेत तत्काल अघि बढाइएको छ भने सडक मरम्मत सम्भारको जिम्मेवारी सडकविभागलाई दिइएको छ। यस्तै प्रधानमन्त्रीको बसाई लगायतका कुराको जिम्मेवारी शहरीलाई दिइएको बुझिएको छ ।

प्रधानमन्त्री बनेपछि बालेनको जनकपुरधाम भ्रमण पहिलो हुनेछ । यद्यपि, यसअघि प्रतिनिधिसभा निर्वाचनपूर्व चुनावी प्रचारप्रसारका क्रममा उनी जनकपुरधामस्थित तिरहुतिया गाछीमा आयोजित कार्यक्रममा सहभागी भएका थिए । त्यसैगरी, दोस्रो पटक मधेश भ्रमणका क्रममा पनि उनी जनकपुरधाम आएका थिए । तर, उक्त भ्रमणका क्रममा भने उनी यहाँ बसेका थिएनन् ।

यसैबीच, जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले भने प्रधानमन्त्रीको जनकपुरधाम भ्रमणबारे आफूलाई औपचारिक जानकारी प्राप्त नभएको बताएका छन् ।

उनले प्रधानमन्त्री जनकपुरधाम आउने विषयमा औपचारिक पत्र वा जानकारी कार्यालयमा नआएको स्पष्ट पार्दै अनौपचारिक रूपमा भने छठ पर्वका अवसरमा प्रधानमन्त्री जनकपुरधाम आउने भन्ने कुरा विभिन्न सञ्चारमाध्यमबाट सुनेको बताए ।

प्रधानमन्त्रीको भ्रमणबारे प्रशासनिक निकायबाट औपचारिक पुष्टि हुन बाँकी रहेपनि उपमहानगरपालिकाले भने सम्भावित भ्रमणलाई लक्षित गर्दै तयारीका काम अघि बढाएको छ ।

नेपाल बढही समाजको छैठौं राष्ट्रिय महाधिवेशन शुरु

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल बढही समाज केन्द्रीय कार्यसमितिको आयोजनामा शनिबारदेखि जनकपुरधाममा नेपाल बढही समाजको छैठौंराष्ट्रियमहाधिवेशन शुरु भएको छ ।

समाजको एकता, पहिचान, अधिकार, विकास तथा समृद्धिलाई थप सुदृढ बनाउने उद्देश्यका साथ महाधिवेशन आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । महाधिवेशन जनकपुरधाम उद्योग वाणिज्य संघको सभाकक्षमा शनिबार उद्घाटन कार्यक्रमबीच शुरु हुने भएको छ ।

सो महाधिवेशनको प्रमुख अतिथिका रूपमा प्रा. डा. दिग्विजय ठाकुर सहभागी हुने कार्यक्रम रहेका छन् भने यसका साथै भारत लगायत विभिन्न स्थानबाट स्वजातीय पाहुनाहरूको समेत उपस्थिति रहने आयोजकले जानकारी दिएको छ ।

नेपाल बढही समाजले देशभरका स्वजातीय बन्धुहरूलाई महाधिवेशनमा सहभागी भई समाजको हकहित, पहिचान र संगठन सुदृढीकरणका विषयमा आफ्नो महत्वपूर्ण योगदान दिन आग्रह गरेको छ ।

आयोजकले जनाए अनुसार महाधिवेशनले समाजको भावी कार्यदिशा तय गर्नुका साथै समुदायबीच आपसी एकता र सहकार्यलाई थप मजबुत बनाउने छ । यस महाधिवेशनमा तीन हजार पाँच सय प्रतिनिधि तथा पर्यवेक्षक सहभागी हुने अपेक्षा गरिएको पनि प्रतिकूल मौसमका कारण देशभरबाट एक हजार पाँच सय प्रतिनिधि तथा पर्यवेक्षक सहभागी हुने आयोजकले जनाएको छ ।

तीन पालिकाका प्रशासकीय अधिकृतको जिम्मेवारी रद्द

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका पर्साको जिराभवानी गाउँपालिकासहित देशका तीन पालिकाको प्रमुख प्रशासकीय अधिकृतको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द सरकारले रद्द गरेको छ ।

सरुवा भएर नयाँ जिम्मेवारीमा जानुपर्ने कर्मचारी पालिकामै बसेपछि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३ पालिकाका प्रमुख प्रशासकीय अधिकृतको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरिएको हो ।

मन्त्रालयले जुम्लाको कनकासुन्दरी गाउँपालिका, पर्साको जिराभवानी गाउँपालिका र काठमाडौंको बुढानीलकण्ठ नगरपालिकाको खाता रोक्का गरेको हो । मन्त्रालयका अनुसार पालिकामा कार्यरत कर्मचारीको अन्यत्र सरुवा गरिएको थियो । तर, सरुवा भएको निकायमा हाजिर नगरी उनीहरू सोही पालिकामा कार्यरत रहँदै आएका थिए ।

यसैबिच, नयाँ खटाइएका प्रमुख प्रशासकीय अधिकृतलाई समेत पालिकाले हाजिर गराएको थिएन । सरुवा भएर पनि साबिककै कार्यालयमा कार्यरत रहेको तथा नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराइएको विषयमा मन्त्रालयले पालिकाको आर्थिक जिम्मेवारी रद्द गरेको हो ।

मन्त्रालयले नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएका कर्मचारीलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारीसहित तत्काल कामकाजमा लगाउन निर्देशन दिएको छ । मन्त्रालयले पालिकाको आर्थिक जिम्मेवारी रद्द गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जानकारी गराउँदै खाता सञ्चालनको आवश्यक व्यवस्था मिलाउनसमेत मन्त्रालयले आग्रह गरेको छ ।

सामाजिक सञ्जालमा अश्लील हर्कत गर्ने पक्राउ

टुडे समाचारदाता

लहान । सिरहा प्रहरीले सामाजिक सञ्जाल टिकटकमा नक्कली खाता (फेक आईडी) बनाएर तस्बिर तथा भिडियो अश्लील गीतसँग जोडेर राख्ने गरेको आरोपमा एक युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा औरही गाउँपालिका-३ पिपरा टोलका २३ वर्षीय सञ्जयकुमार यादव रहेका छन् । पहरीका अनुसार उनले गाउँकै व्यक्तिहरुको तस्वीर र भिडियोमा अश्लील गीतहरु जोडेर टिकटकमा हाल्ने गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार यादवले परिवारका सदस्यसहित गाउँका अन्य व्यक्तिहरूका तस्बिर तथा भिडियो प्रयोग गरी नक्कली टिकटक खाता सञ्चालन गरेको आरोप छ । उक्त खातामार्फत तस्बिर तथा भिडियो अश्लील गीतसँग जोडेर सार्वजनिक गरिएको थियो ।

सामग्री प्रसारण गर्दा आफ्नो चरित्रहत्या हुनुका साथै व्यक्तिगत गोपनीयतामाथि आघात पुगेको भन्दै पीडितले प्रहरीमा जाहेरी दिएका थिए । सोही जाहेरीका आधारमा अनुसन्धान अघि बढाएको प्रहरीले कात्तिक ११ गते बिहान यादवलाई पक्राउ गरेको जनाएको छ ।

प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार प्रारम्भिक सोधपुछका क्रममा यादवले आफ्नै मोबाइल प्रयोग गरी फेक टिकटक आईडी बनाएको र त्यसबाट तस्बिर तथा भिडियो अश्लील गीतमा जोडेर प्रसारण गरेको स्वीकार गरेका छन् ।

यादवलाई साइबर अपराधसम्बन्धी कसुरमा नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय सिरहामा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८